*Unity Journal*
Vol.IV, 399-406, Feb 2023
Doi:https://doi.org/10.3126/unityj.v4i01.52140
Prithivi Narayan Shah Research Center
Directorate General of Military Training, Nepali Army
Kathmandu, Nepal.

# नेपालको द्वन्द्व व्यवस्थापनका सहयोगी तर विस्मृत पात्र र पक्षहरु

**बालानन्द शर्मा***

**लेखसार**

वि.सं.२०५२ (१९९६ AD) बाट तत्कालीन नेकपा (माओवादी)ले सुरु गरेको सशस्त्र द्वन्द्वले गर्दा नेपालमा जुन परिमाणमा मानवीय, सामाजिक र आर्थिक चोट र पीडा पर्न गयो त्यसको पूर्ण तथ्य बाहिर आउने सम्भावना न्यून छ । द्वन्द्वले साधारण नागरिकको जीवन प्रणाली नराम्ररी बिथोल्यो, हजारौं परिवार बिचल्लीमा परे र अनाहकमा धेरैले मृत्यु-वरण गर्नुपर्‍यो । कतिको सिन्दुर पुछियो, नाबालक टुहुरा बने, कमाउने व्यक्ति अस्ताउँदा वृद्ध र बालक सडकमा धकेलिए । त्यस्तै, सशस्त्र द्वन्द्वले नित्याएको मनोवैज्ञानिक दुष्प्रभावको सही लेखा जोखा पनि कहिल्यै हुन सकेन । हरेक नेपालीले द्वन्द्व जतिसक्दो चाँडो टुङ्गियोस् भन्ने चाहना राखेका थिए । राज्यमा नेपालीले नेपालीलाई नै मार्ने क्रम रोकिनु पर्थ्यो, धेरैको ज्यान गएपछि मात्र रोकियो । यस क्रममा स्वदेशी र विदेशी धेरै व्यक्ति र संगठनले आ-आफ्नो स्तरबाट खेल्न सक्ने भूमिका निर्वाह गरे र न्यायोचित जस पनि लिए । तर मुलुकमा थप रक्तपात जोगाउन अन्य अनगिन्ति व्यक्ति वा समूहले पनि अनौपचारिक वा औपचारिक तहमा आ-आफ्नो तर्फबाट अहम भूमिका निर्वाह गरे, तर नेपथ्यमै रहे । त्यस्ता गुणकारी व्यक्ति वा संस्थालाई यथोचित नमन गर्नै पर्दछ । यसै सन्दर्भमा, नेपालको शान्ति प्रक्रियामा प्रत्यक्ष वा परोक्षरुपले सम्झनयोग्य भूमिका निर्वाह गरी थप रक्तपात हुनबाट नेपाली समाजलाई जोगाएका केही पात्र र पक्षहरुकाबारे प्रस्तुत लेखमा केही चर्चा गर्ने प्रयास गरिएको छ ।

**शब्दकुञ्जी**: : द्वन्द्व व्यवस्थापन, माओवादी सशस्त्र द्वन्द्व, राजसंस्था विस्तृत शान्ति सम्झौता, राजनितिक दल, नेपाली सेना, सुरक्षाकर्मी, द्वन्द्व पिडित र समायोजन ।

## द्वन्द्व-ग्रस्त समाजको अवस्था

सशस्त्र द्वन्द्वमा फसेको मुलुक राजनीतिक, आर्थिक र सामाजिक हिसाबले नाजुक अवस्थामा पुगिसकेको हुन्छ । उर्लदो भल जस्तो हिंसात्मक आन्दोलन र द्वन्द्वले एउटा मनोवैज्ञानिक गति लिएको हुन्छ, नेपथ्यबाट उठेको तर्कपूर्ण सन्देश पनि आन्दोलनमा होमिएको नेतृत्वले सुन्न सक्दैन । आन्दोलनलाई तत्काल मत्थर पार्न, द्वन्द्वबाट मुलुकलाई अल्प र दीर्घकालीन बाटो पहिल्याइदिन अन्तरराष्ट्रिय संघ-संगठन, सहयोगी राष्ट्रहरु, दातृनिकाय र शुभ चिन्तक

* Lieutenant General (Retd), Nepal Army,
Email ID : babisi4@gmail.com
लेखकले माओवादी सेना नेपाली सेनामा समायोजन प्राविधिक समितिको संयोजन गर्नुभएको थियो । यस लेखमा लेखकले समायोजन प्रक्रियामा आफ्ना अनुभव तथा अनुभूतिहरू प्रस्तुत गर्नुभएको छ ।

एवम् सहृदयीको साथ र सहयोग अत्यन्त फलदायक हुने गर्दछ । यस्ता सहयोग नपाए मुलुकले एक्लै पुनः आफ्नो खुट्टामा उभिन कठिन पर्दछ । यो बाटो नै कठिन हो र जोखिमयुक्त पनि हो । द्वन्द्वोत्तर अवस्था झनै नाजुक हुन्छ र सही दिशा समाउन नसके झनै दलदलमा फस्ने सम्भावना बढी हुन्छ । द्वन्द्व बढ्दै जाँदा, भैराखेका राज्यका प्रमुख अंगहरुको कार्य क्षमतामा ह्रास आउने मात्रै होइन पूर्णरुपले असक्षम हुन पनि सक्दछन् । मुलुक बाहिरबाट आउने सहयोगले मुलुकको हित भन्दा पनि दातृराष्ट्रको हित गर्दछ - यो त स्पष्ट नै छ । अन्तरराष्ट्रिय संगठनबाट आएर काम गर्नेले लाभ र जस/अपजस पाइ नै हाल्छ । बृहत शान्ति सम्झौता पश्चात् १४४१ पूर्व माओवादी लडाकूहरु (Combatants) नेपाली सेनामा समायोजन भएका तत्कालिन राज्य व्यवस्थाले तथा सुरक्षा निकायका छनौट विधिपूर्वक ढंगबाट गरिएको थियो । सम्पूर्ण माध्यमबाट एक पूर्व लडाकू नेपाली सेनाको महासेनानी र दुई प्रमुख सेनानीमा समायोजन गरिएको थियो । समायोजन गरिएका अन्यदर्जा, पदिक, तथा अधिकृत मध्यबाट सहायक रथीसम्म पदोन्नति भई नेपाली सेनामा कार्यरत छन् । (बोगटी, २०१५)

**द्वन्द्व समाधानमा उल्लेखनिय भूमिका खेलेका पात्र र पक्षहरु**

द्वन्द्वकै समयमा पनि मुलुक भित्रैका केही पात्रहरु यस्ता पनि हुन्छन् जसले द्वन्द्व बढाउने चेष्टा गर्दछन् र त्यसबाट लाभ लिन्छन् र अर्का पात्रहरु त्यस्ता हुन्छन् जसले द्वन्द्व समाधान गर्ने कार्यमा अहम भूमिका निर्वाह गर्दछन् । सत्य तितो हुन्छ तर अन्त्यमा सबैले स्वीकार्नै पर्ने गरी उज्यालिएर आउँदछ । त्यस्तै, द्वन्द्व मत्थर पारी समाधान उन्मुख कार्य गरेका पात्रहरु मध्येका तर राज्यले उचित मूल्याङ्कन गर्न कन्जुस्याइँ गरेका केही पात्रहरु देहाय मुताविक छन्ः-

क. **राजसंस्थाः** अविछिन्न रुपमा स्वतन्त्र रहेको नेपाल, राजा र प्रजाको संयुक्त रगत पसिनाबाट जोगाइएको मुलुक हो । नेपाल राज्य पिंढीगत हिसाबले हस्तान्तरित हुँदै आएर आजको दिनमा यो पिंढीले पाएको नासो हो । नेपालको एकीकरण र विस्तारको अभियानमा राजा स्वयम्ले युध्दमा गएर नेतृत्व प्रदान गरेका हुन । राजा र राज-परिवारको सबल नेतृत्व एवम् जनताको सक्रिय सहभागिताबाट सिर्जित यो राज्य आज यो स्वरुपमा आइपुगेको हो । नेपाल राष्ट्रको एकीकरणको श्रेय त राजसंस्थालाई नै जान्छ, यो त इतिहास नै हो । नेपाल सदा स्वतन्त्र रहेकाले पछिल्ला केही पिंढीले पराधीनताको मनोवैज्ञानिक पीडा कहिल्यै बुझ्न सकेनन् । यो पिंढीले स्वतन्त्र रहनका लागि ठुलै मूल्य चुकाउन परेन, त्यसैले स्वतन्त्रताको महत्त्व पनि राम्ररी मनन् गर्न नसकेको हो कि भन्ने भान हुन्छ । मुलुकले कोल्टे फेर्दा राज्य सञ्चालनमा जिम्मा लिएका पात्रहरुले राष्ट्रिय हितको निमित्त आ-आफ्नो भूमिका अझ सक्रिय भएर निर्वाह गर्ने हो । राजदरबारको हत्याकाण्डपछि अप्रत्यासित एवम् विशेष परिस्थितिवश राजा ज्ञानेन्द्र राजा भएका हुन् । तत्कालीन नियम अनुसार, राजा हुने लाइनमा अगाडि रहेका सबैको वंश-नाश भएकाले मात्र उनी राजा भएका थिए । राजकाजको अनुभव नहुँदा पनि महत्त्वाकाङ्क्षी हुन पुग्नु तर सही निकास दिन नसक्नु सायद उनको कमजोरी थियो । त्यसको दण्ड उनलाई जनताले होइन जनप्रतिनिधिले दिए, यो दण्ड उनले गरेको विरामको अनुपातमा निकै बढी या घटी थियो, त्यो त आउँदो पिंढीले लेखा जोखा गर्ला । तर, आजको मितिसम्ममा पछि फर्केर हेर्दा, तत्कालीन अवस्थामा यस मुलुकलाई थप रक्तपात हुनबाट रोक्न र मुलुकलाई तत्काल निकास दिन राजाबाट देहाय मुताबिक कदम चालेको देखिन्छः-

(१) राजसंस्था र राजा, दुबै विरुद्ध लागेको सात दल, नेकपा (माओवादी) र तिनै दलहरुको आह्वानमा तत्काल सडकमा उत्रेको पेशाकर्मी, बुद्धिजीवी, कर्मचारी एवम् स्वतन्त्र जनताको १९ दिने जन-आन्दोलनले राजालाई अप्ठ्यारो पारेकै हो । दोहोरो सम्वाद गरी निकास निकाल्न अनिच्छुक दलीय नेतृत्वले राजामाथि आफ्नो एजेण्डा थोपरेकै हो । त्यतिबेला राजासँग दुइवटा मात्र विकल्प

थिए- कि थोपरिएको एजेण्डा स्वीकार्ने कि आफ्नो अधीनमा रहेको हिंसात्मक शक्तिको प्रयोग गर्ने । अन्ततः राजाले शक्ति प्रयोग गर्ने विकल्प त्यागी राजा र राजपरिवारको खुट्टामा बन्चरो प्रहार गर्ने जनप्रतिनिधिको प्रस्तावित निर्णय स्वीकारे । आफु हारे तर संक्रमणकालमा देश र देशवाशीलाई जिताए ।

(२) पूर्वजहरुको नेतृत्वमा राजा र प्रजाले दःुख गरी एकीकरण गरेको र २४० वर्षदेखि अनवरत राजकीय भूमिका निभाउँदै आएको विरासत, आफैंले विघटन गरेको प्रतिनिधि सभालाई तिनै विघटित दलको निर्देशनमा पुनर्स्थापन गराई, उसैको माध्यमबाट आफ्नै राजकीय भूमिकालाई सदाका लागि तिलान्जली दिन वाध्य पार्दा पनि राजाले सहनु एउटा अद्वितीय नमुना भएको लाग्दछ ।

(३) राजाको मानमर्दन मात्र होइन, राजसंस्थाकै पनि अनादर र आत्मग्लानियुक्त राज्यको व्यवहार पनि राजाले सहेकै हुन ।

(४) अन्तरिम प्रतिनिधि सभाको तजबिज, अन्तरिम संविधानको प्रावधान र अन्तरिम मन्त्रिपरिषद्ले पटक-पटक गरेको निर्णयले राजसंस्था मात्र होइन राजाले भोग चलन गर्दै आएको दरबार, जमिन र सम्पत्ति राज्यले खोसी ट्रष्टमा परिणत गर्दा पनि राजाले विना हिच्किचाहट स्वीकारेका हुन् । एउटा सामान्य पत्रकार सम्मेलन गरी, दरवार र त्यहाँ भएका सम्पदाहरु सरकारको प्रतिनिधिलाई बुझाई, कुनै आवेश अथवा उक्साहटमा नलागी "**जनताको नासो जनतामा फिर्ता गर्दछौं**" भनी दरबारबाट निर्भीकताका साथ निस्कनु सानोतिनो आँट होइन ।

(५) अकुत सम्पत्ति स्विजरल्याण्डको बैंकमा जम्मा गरेकाले विदेसिन्छन् भन्ने आम सोच बिपरीत स्वदेशमै सामान्य नागरिक सरह जीवन बिताउने निर्णय गर्नु र नेपालमै बाँकी जिन्दगी बिताई रहनु राजाको ठूलो आँट मात्र नभएर देशभक्तिको ज्वलन्त उदाहरण पनि हो ।

संसारका तानाशाहहरु वा राजा/राजपरिवारहरुले यति सहज तरिकाले राज्य-शक्ति छोडेको इतिहास बिरलै पाउन सकिएला । आजका मितिमा पनि सैनिक कू गरेर राज्य हत्याएका स्वेच्छाचारी राष्ट्रपतिहरुले आफ्ना आधा जनसंख्या मर्दा, विस्थापित हुँदा वा शरणार्थी भएर देश छोड्दा पनि आफ्नो राज्य-शक्ति छोडेका छैनन् । यहाँ, राजाले, आफ्नो सुरक्षार्थ दरवारमा खट्टिएको बाहिनी वा अन्य सुरक्षा फौजलाई परिचालन गर्ने निधो गरेको भए र परिचालन पनि गरेको भए सायद नेपालको वर्तमान अर्कै हुन सक्ने थियो भनी धेरैले आँकलन गर्दछन् । राजाले हिँसाको बाटो समातेको भए माओवादी द्वन्द्वमा भन्दा बढी नागरिक हताहत हुनसक्ने सम्भावना अवश्य थियो । दश वर्ष हिंसायुक्त विद्रोह झेलेको मुलुक अर्को लामो गृहयुद्धमा धसिने थियो वा जातीय युद्धमा होम्मिने थियो । अथवा, नेपालको बागडोर नेपालीको हातभन्दा बाहिर पुग्ने थियो । राजाले सुरक्षाकर्मी परिचालन नगरी सत्ता छोडेर साधारण नागरिक सरह जीवन बिताउने निर्णय गर्दा धेरै रक्तपात जोगिएको सायद नेपालीहरुले बिर्सनु हुँदैन । राजाले स्वार्थ लम्पट नभै, कुनै हठ नगरी मुलुक र मुलुकवासीहरुको हितको निमित्त सहज तरिकाले सत्ता छाड्नु, राजा र राजपरिवारको सम्पति खोसेर राजसंस्था नै निष्क्रिय पारिंदा समेत सहेर स्वदेशमै साधारण नागरिक सरह बस्नु ठूलो योगदान हो । यो बिर्सन योग्य कुरो अवश्य होइन ।

**ख. नेपाली सेनाः** तत्कालीन सरकार प्रमुखले, तत्कालीन शाही नेपाली सेनालाई अविश्वास गरी, माओवादीले सुरु गरेको सशस्त्र द्वन्द्व दमन गर्ने कार्यको प्रारम्भिक चरणमा नेपाल प्रहरीलाई परिचालन गऱ्यो । यस प्रकारको भूमिका निभाउनका लागि नेपाल प्रहरीसँग न उपयुक्त हातहतियार थियो न प्रहरी

यस कार्यका लागि तालिम प्राप्त नै थिए । तत्कालीन सरकार प्रमुख र प्रहरी प्रमुखले सशस्त्र द्वन्द्वको सम्वेदनशीलता र गहिराइ नबुझी, नेपाल प्रहरीलाई दायित्व दिएको र नेपाल प्रहरीले सशस्त्र द्वन्द्व समाधान गर्ने कुनै रणनीतिक योजना नबनाई जिम्मा लिएको थियो । परिणाम स्वरूप, नेपालले जनधनमा ठूलो क्षति व्यहोर्‍यो र तत्कालीन ने.क.पा.(माओवादी) ले ठूलै संख्यामा नेपाल प्रहरीको हात-हतियार लुट्न पाए । यिनै हतियार प्रयोग गरी बैंक लुटे । नेपाल प्रहरीबाट मात्र यो कार्य असम्भव छ भन्ने लागे पछि, फेरि शाही नेपाली सेनालाई तत्कालै परिचालन गर्नु पर्नेमा सो नगरी सोही कार्यमा संलग्न गराउन सशस्त्र प्रहरी बलको निर्माण गरियो । आफ्नो मातहतमा सेना हुँदा हुँदै, लडाइँको बीचमा अर्को सुरक्षा बल निर्माण गर्नु सुरक्षा रणनीति र सुरक्षा बारेको अज्ञान वा अल्पज्ञान नै हो । संसारका प्रजातान्त्रिक मुलुकहरुले द्वन्द्वरत नेपाललाई हतियार नबेच्ने निर्णय लिएका बेला सशस्त्र प्रहरी बल निर्माण गर्नु र हतियारद्वारा सुसज्जित गर्नु चुनौती मात्रै होइन असम्भव नै थियो । यिनै तथ्य र चुनौतीका बीच, तत्कालीन संविधानको अधीनमा रही, शाही नेपाली सेना राज्यले खटाएको बेलामा, माओवादी-सशस्त्रद्वन्द्व बिरुद्ध परिचालन भएको थियो । गाँउ र जंगलमा आश्रय बनाई लुकी-छिपी, गुरिल्ला कला अपनाउने विद्रोही पक्षसँगको युद्ध कठिनभन्दा पनि जटिल थियो । मुलुकभित्रका राजनीतिक दल र बाहिरी मुलुकहरुले समेत राजा र शाही नेपाली सेनालाई असहयोग गरेको बेला अन्तरराष्ट्रिय कानुनको दायराभित्र रही माओवादी द्वन्द्व नियन्त्रणका निमित्त परिचालित हुन सहज थिएन । नेपाली सेना अग्रपङ्क्तिमा बसेर द्वन्द्वमा होम्मियो । सेना परिचालन भएर माओवादीतर्फ धेरै नोक्सानी भएपछि मात्र ने.क.पा. (माओवादी) युद्धविरामको निमित्त सहमति भएको हो । युद्धविराममा, माओवादीतर्फ लडाकुले आफ्नो राजनीतिक दललाई आफू अनुकूल सर्त बनाउन लगाएर वार्तामा बसे भने सातदलले आफू अनुकूल सर्त बनाएर, मित्र-मित्र बीच सम्झौता भएको थियो । विद्रोही विरुद्ध खनिएको युद्धरत एउटा पक्ष नेपाली सेनालाई एक वचनसम्म पनि नसोधी सम्झौता गरिए । उल्टै, विद्रोही सेनाको हैसियतमा राखेर व्यवहार गरियो । अनि, मित्रवत् व्यवहारमा उत्री सकेका सात-दल र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच विस्तृत शान्ति सम्झौता कायम भएको थियो । अन्य थप सम्झौता पनि उनीहरु बीच नै भए । सम्झौता त युद्धरत पक्षबीच हुनपर्ने थियो । बिस्तारै, शान्ति प्रक्रियाले मूर्त रुप लिन थाल्यो र काम अगाडि बढ्दै गयो । राज्य पक्षबाट असहयोग मात्र होइन बेइज्जत गर्दा पनि सेनाले संयम गुमाएन । शान्ति प्रक्रियाका सन्दर्भमा नेपाली सेनाको देन देहाय अनुसार सम्झन लायक छः-

१. नेपाली सेनाले राष्ट्रिय र अन्तराष्ट्रिय क्षेत्रमा राज्यले तोकेको भूमिका निर्वाह पनि गरिरहनु पर्ने, त्यस्तो दायित्व बोकेको सेनालाई दायित्वबिहीन लडाकूसरह ब्यारेकमा सीमित गर्ने र नियमित सैन्य भर्नामा पनि रोक लगाउने चेष्टा भए । विद्रोहीतर्फ त दायित्व बिहीन लडाकूहरुको व्यवस्थापन गर्नु थियो, भएकालाई दायित्व दिलाउनु थियो त्यसैले थप भर्ना गर्ने कुरै थिएन । तर, दायित्व बोकेको नेपाली सेनामा खाली हुन आएका स्थानमा पनि राज्यले नै भर्ना नगर भन्नु र भएकै संख्याद्वारा काम गरी राख भन्नु तर्कसम्मत थिएन । यस्तो व्यावहारिक कठिनाइका बाबजुद पनि सेनाले, अधिकृत र जवानको विदा र राजिनामा रोकेर लामै अवधिसम्म सरकारको आदेश मानी राष्ट्रिय भूमिका निभाइ रहनु भनेको सेनाले ठूलो संयमता अपनाएको देखिन्छ ।

२. विस्तृत शान्ति संझौता अनुरुप माओवादीले जति हतियार संयुक्त राष्ट्र संघीय मिशनको निगरानीमा रहने गरी बुझाएको थियो नेपाली सेनाले पनि सोही मिशनको निगरानीमा सोही संख्याका हतियार कन्टेनरमा राख्न लगाउनु र सम्पूर्ण नेपाली सेना र हतियारको अनुगमन पनि उक्त मिशनद्वारा गराउन बाध्य पारियो । समायोजन हुन चाहने विद्रोही लडाकू र समायोजन गरिने

राष्ट्रिय र अन्तरराष्ट्रिय जिम्मेवारी बहन गरिरहेको राष्ट्रिय सेनालाई बराबरीको हैसियतमा कहीँ राखिदैन तर यहाँ राखियो । विद्रोही सेनालाई मान दिंदा राष्ट्रिय सेनाको मानमर्दन गरियो । तैपनि, नेपाली सेनाले विस्तृत शान्ति सम्झौतामा नेपालको वृहत लाभ देख्यो, आफ्नो अपमान हुँदा पनि राष्ट्रको मान हुने र सम्पूर्ण नेपालीलाई लाभ हुने देखी ग्लानियुक्त व्यवहार सहेर बस्यो ।

३. लडाकूहरुलाई नेपाली सेनामा समायोजन गर्ने भनी संविधानसम्मत विशेष समिति बन्यो, प्राविधिक समिति बनाइयो । राजनीतिले लतपतिएका तर अधिकारयुक्त यी समितिहरुले निकासा दिन नसकिरहेको अवस्थामा नेपाली सेना स्वयंमले पटक-पटक समायोजनका विकल्पहरु अघि सारेर राष्ट्रिय समस्याको निकास दिन प्रयत्नरत रह्यो । विशेष समितिले अनुमोदन गरेको सेना-समायोजनको विस्तृत योजना लागु गर्नमा पनि पूर्ण सहयोग गर्‍यो ।

४. समायोजन इच्छ्याएका लडाकूहरुको निमित्त उचित मापदण्ड निर्माण गर्न र उक्त मापदण्ड लागु गर्न पनि विशेष समिति र लोक सेवा आयोगका पदाधिकारीहरुलाई पूर्ण सहयोग गर्‍यो ।

५. मापदण्ड पुरा गरेका इच्छित लडाकूहरुलाई आधारभूत तालिम र दर्जा-विशेष तालिम सञ्चालन गर्‍यो, निष्क्रिय बसेको लडाकुलाई समायोजित भै जाने सैनिक युनिटका बिभिन्न पदमा भूमिका निर्वाह गर्न सक्ने गरी तालिम दियो । दश बर्षे विद्रोह करिब सात बर्षसम्म क्यान्टोनमेन्टमा बसेका लडाकुहरुलाई राज्यको सेनामा परिणत गराएर समायोजन प्रक्रिया टुंग्याउन अहम भूमिका खेल्यो ।

६. तालिमरत लडाकूहरुलाई तालिमको प्रक्रियामा सैनिक शिक्षकले प्रतिशोध युक्त ब्यवहार नगरेको यकिन गर्ने गरी लडाकूको गुनासो सुन्ने र तालिम केन्द्रमा तालिमरत लडाकूको अवस्था रेखदेख गर्न राज्यले निर्माण गरेको एउटा “निरीक्षण टोली” लाई पूर्ण सहयोग गरी दुरासययुक्त व्यवहार न्यून पार्ने कार्यमा सहयोग गर्‍यो र सम्झौता बमोजिम सबै तालिम सम्पन्न गरी नेपाली सेनामा समायोजन गर्‍यो ।

७. अनमिन (UNMIN) द्वारा प्रमाणित र क्यान्टोनमेन्टमा कन्टेनरमा राखिएका हतियार मात्र नभै लुकाएर राखिएका थप हतियार पनि सहमतिमा बुझेर हिंसाको साधन र स्रोत राज्यको नियन्त्रणमा लिएर उचित व्यवस्थापन गर्‍यो ।

८. माओवादीको समायोजन र व्यवस्थापन गर्ने क्रममा क्रमबद्ध रुपमा खाली हुँदै गएका क्यान्टोनमेन्टहरु सरकारको मातहतमा ल्याई मनोवैज्ञानिक हिसाबले हिंसाको प्रतीकको रुपमा रहेको क्यान्टोनमेन्टलाई राज्य अन्तर्गत ल्याएर सहज तरिकाले काम सम्पन्न गर्‍यो ।

९. आफ्ना बिरुद्ध लडेको र घाउ आलै हुँदा पनि नेपाली सेनामा समायोजन भएर आएका लडाकूहरु प्रति कुनै भेद-भाव नगरी उनीहरुको वृत्ति बिकास र वेलफेयरमा समेत अन्य सैनिक अधिकृत र अरुदर्जा सरह नै ब्यबस्था गरी दिएर सौहाद्र पूर्ण वतावरणमा लडाकूलाई आफ्नो संगठनमा समायोजन गरेर संसारमै एउटा अद्वितीय उदाहरण प्रस्तुत गर्‍यो ।

**नेपाली सेनाको यो योगदान सहजै विस्मृतिका पानामा जान हुँदैन ।**

ग. **नेपाल प्रहरीः** राष्ट्रव्यापी सशस्त्रद्वन्द्व बिरुद्ध परिचालन हुनसक्ने गरी कुनै देशले पनि प्रहरी निर्माण गरेको हुँदैन । प्रहरीको प्राथमिक काम नै कानुनी राज्य संचालनमा सहयोग, अपराध नियन्त्रण र अनुसन्धान गर्नु हो । जुन काम जोखिमपूर्ण थियो र जुन कामको निमित्त प्रहरी बनेकै थिएन त्यस्तो कामको जिम्मा लिएर नेपाल प्रहरी एक्लै करिब ५ वर्षसम्म माओवादीसँग सशस्त्रद्वन्द्वमा होम्मियो र लड्यो पनि । कर्तव्यपरायणता प्रदर्शन गऱ्यो । नीतिगत निर्णय गर्नेले अपजस लिएनन् तर प्रहरी संगठनले जनधन र हतियारको ठुलै क्षति व्यहोऱ्यो । रणनीति परिवर्तन गरेपछि पनि युनिफाइड कमान्डमा रहेर द्वन्द्व रहुन्जेल पनि योगदान गरिरह्यो । राज्य संचालकहरुले गलत रणनीति अख्तियार गरिदिंदा राज्यले सोचेको नतिजा नपाउनु स्वाभाविक थियो, यसमा प्रहरीको दोष थिएन, तर प्रहरीले गरेको कामको सह्राहना पनि भएको पाइएन ।

घ. **सशस्त्र प्रहरी बलः** सशस्त्र प्रहरी बल द्वन्द्वका बेलामा जन्माइयो र वयस्क नहुँदै राज्यले द्वन्द्व समाधानको भारि बोकायो । आफ्नो कार्यादेश, सो अनुरुप संगठन विस्तार र आवश्यक हात-हतियार र तालिम गर्ने बेलामा माओवादी बिरुद्ध नै परिचालन भयो । हतियार र तालिमको अभावमा, जे जहाँ खटाइयो त्यहाँ गयो र आफ्नो क्षमता अनुसार कर्तव्य निभायो । संगठन विस्तार, तालिम र सशस्त्रद्वन्द्व तिनवटै कार्य समानान्तर रुपमा गरी रह्यो । द्वन्द्वको अवस्थाबाटै धेरै सिक्यो । पछिल्ला वर्षहरुमा निकै पेशेवर तरिकाले माओवादी लडाकुहरुसँग लड्यो र धेरै ठाउँमा उनीहरुलाई पराजित गऱ्यो, छोटो समयमा परिपक्वता ल्यायो । सशस्त्र प्रहरी बलले धेरै क्षति व्यहोऱ्यो, द्वन्द्वमा होम्मियो र नेपाली सेना प्रत्यक्ष उत्रँदा पनि कहिले युनिफाइड कमाण्ड र कहिले सहकर्मीको रुपमा साथ दिएर द्वन्द्वमा सहभागी भै नै रह्यो । सशस्त्र प्रहरी बलको योगदानको पनि उचित कदर भएको पाउन सकिएन ।

ङ. **बाल सैन्य र समायोजनमा नपरेका लडाकूहरुः** माओवादीले सशस्त्रद्वन्द्व गर्दा करिब तीन हजारको हाराहारीमा बालसैन्य रहेको तथ्याङ्कले देखाउँछ । माओवादी लडाकूहरुको प्रमाणीकरण संयुक्त राष्ट्र संघीय मिशन (अनमिन) ले गऱ्यो । विस्तृत शान्ति सम्झौता अनुरुप सहमतिमा बनेको मापदण्ड अनुसार संयुक्त राष्ट्र संघीय मिशनद्वारा प्रमाणित गरी शिबिरमा पुऱ्याइएका लडाकुहरुको भविष्यको निमित्त सेनामा समायोजन र समाजमा पुनर्स्थापन गर्नुपर्ने थियो । प्रमाणित लडाकुले पाउने सुविधाबाट बालसैन्य र जानीबुझिकन प्रमाणित हुन नखोजेका वा बिभिन्न कारणले प्रमाणित नभएका लडाकुहरु वन्चित हुनपुगे । जानिबुझिकन शिबिरमा पनि नजाने र सुबिधा पनि नलिने योग्य लडाकू समूहको निमित्त राज्यले पुनः मौका दिने कुरै भएन तर द्वन्द्वमा भाग लिएका तर उमेर नपुगेका किशोर-किशोरीहरु (बालसैन्य)लाई न राज्य न अन्तरराष्ट्रिय संघ-संगठन कसैले पनि पुनर्स्थापना गर्न खोजेन । पुनर्स्थापनाको निमित्त यो समूहले शान्तिपूर्ण रुपमा माग र प्रदर्शन गरेको देखिन्छ । बाल्यकाल बितिसकेको, नपढेको र बिद्यालय जाने उमेर पनि गुज्रेको यो समूहले कुनै सहयोग पाउन सकेको छैन । बारुदी सुरुङ्ग कलाका ज्ञाता यो समूहसंग आफ्नो दल र राज्यसंग आफ्नो हक/अधिकार माग्न पाउने अधिकार र अप्ठ्यारो पार्न सक्ने निहुँ भए पनि उनीहरुले त्यस्तो अप्ठ्यारो पारेका छैनन्: उनीहरुको संयमताको पनि प्रशंसा गर्नै पर्छ ।

च. **विशेष समिति सचिवालय र स्टाफहरुः** माओवादी लडाकूहरुलाई नेपाली सेनामा समायोजन र समायोजन नचाहने समूहलाई समाजमा पुनर्स्थापना गर्ने कार्यका लागि तत्कालीन सरकारले विशेष समिति र यसलाई पेशेवर सहयोग पुऱ्याउन प्राविधिक समिति (पछि विशेष समितिको सचिवालयमा रुपान्तरित) बनाएको थियो । नीति निर्माणमा विशेष समितिले भूमिका खेल्ने तर योजना बनाउने र स्वीकृत योजनालाई

कार्यान्वयनमा ल्याउने जिम्मेवारी सचिवालयको थियो । तत्कालीन प्रमुख विभिन्न राजनीतिक दलद्वारा सिफारिस भएका आठ जना र नेपालको सुरक्षा अंगहरुको प्रतिनिधि स्वरूप पठाइएका चार (माओवादी सहित) गरी जम्मा १२ जना सचिवालयका सदस्य थिए । स्वीकृत योजनामा, सचिवालयको सदस्यहरुको सहयोगी भूमिकामा काम गर्नका निमित्त नेपाल सरकारले करिब ४०० जना उप-सचिव/शाखा अधिकृत उपलब्ध गराउनु पर्नेमा नेपाल सरकार यो जनशक्ति पनि खटाउन असमर्थ रह्यो । नेपाल सरकारका तत्कालीन प्रमुख प्रसाशकले “चाहिने अन्य सहयोग मिलाउँला, सचिवालयले बाहिरबाट आवश्यक जनशक्ति जुटाएर काम सम्पन्न गर्न पर्‍यो वा अन्य विकल्प खोज्न पर्‍यो” भनी सल्लाह दिनुभयो । द्वन्द्वग्रस्त मुलुकमा द्वन्द्व व्यवस्थापन गर्ने दक्ष जनशक्ति जुटाउन कठिन हुने नै भयो । तैपनि, सचिवालयले नेपाल सरकारको नियमानुसार, विज्ञापन गरेर, अस्थायी एवम् छोटो अवधिका लागि अधिकृत भर्ना र तालिम गरी लडाकूहरुको शिविरमा लगेर समायोजन र पुनर्स्थापना सम्बन्धी कामहरु सम्पन्न गर्‍यो । भर्खर स्नातक र स्नातकोत्तर उत्तीर्ण भएका युवाहरुलाई १२ जना सचिवालयका सदस्यहरुको नेतृत्वमा माओवादीका विभिन्न शिबिरहरुमा लगी समायोजन र व्यवस्थापनको कार्य सम्पन्न गरिएको थियो । खाने व्यवस्था, बस्ने पाल, काम गर्न चाहिने अफिस, बिजुली, पानी, बाटो, सवारी-साधन, ड्राइभर, तेल, स्टेसनरी जुटाएर व्यवस्थित तरिकाले समयमा नै काम सम्पन्न गर्न निकै चुनौती थियो । लोडसेडिंग उच्च भएका बेला २४ सै घण्टा बिजुली उपलब्ध गराउन, त्यस्तै २४ सै घण्टा इन्टरनेट सेवा उपलब्ध गराउन र स्ट्यान्ड-बाइ जेनेरेटरको व्यबस्था गर्नु अर्को चुनौती थियो । शिविरमा रहेका लडाकूहरु एकातिर र अर्कोतिर केन्द्रीय राजनीतिमा खेली उनीहरुको भविष्य निर्धारण गर्ने उनीहरुकै नेतृत्वबीच सम्वाद कम हुँदा सचिवालयको टोलीलाई शिविरमा नगण्य सहयोग उपलब्ध थियो । राज्य routine mood मा भएको र स्थापित कानुन अनुसार हिंड्ने, आफुहरु वर्षौसम्म पनि निर्णय गर्न नसक्ने तर निर्णय गरेको भोलि पल्टै emergency मा जस्तो छिटो result खोज्ने गर्थ्यो । लडाकूहरुले पनि समायोजन र पुनर्स्थापनका हरेक तहका प्रक्रियाप्रति विश्वास देखाएका थिएनन् र आधा मन लगाएर भाग लिइरहेका थिए । भर्खर शिविरमा आएका र सचिवालयले नियुक्ति दिएका अपरिचित नयाँ कर्मचारीहरुमा सचिवालयका सदस्यहरुले, आफ्नो योजना अनुसार काममा लगाउनु पनि कठिन कार्य थियो । शिविरका माओवादी सैनिक कमाण्डरसँग सहयोग लिनु, सरकारको स्थानीय नेतृत्वसँग समन्वय गर्नु, माओवादीका स्थानीय राजनीतिक नेतृत्वको विश्वास जित्नु, मिडिया र विदेशी संघ संगठनसँग बराबर भेट र जानकारी दिनु चुनौतीपूर्ण काम थिए । आफ्नै सुरक्षा थिएन, यी सबै बाधा र असहयोग हुँदा हुँदै पनि UNMIN को सर्भरमा भएको data लिएर online शिविरमा काम सम्पन्न गरेको थियो । अस्थायी कर्मचारीको कामप्रतिको समर्पण प्रसंशा योग्य रह्यो । यस प्रकार, आफ्नै देशको द्वन्द्व आफ्नै सरकार र नागरिकहरुले व्यवस्थापन गरेको यो अद्बितीय उदाहरण हो । शिबिरमा, UNMIN ले लडाकूको परीक्षण गर्दा बाहेक अरु बेलाको लडाकुको बास, रासन, स्वास्थ्य, समायोजन र पुनर्स्थापनामा भएका खर्च सबै सरकारी ढुकुटीबाट व्यहोरिएका थिए । योजना बनाउने र कार्यान्वयन गर्ने दुवै कार्य नेपाली स्वयमले गरेका हुन् । समायोजन र पुनर्स्थापनाको सबै काम पूरा भयो तर त्यो सचिवालय र स्टाफहरु जसले काठमाडौंमा बसेर योजना बनाए, कर्मचारीको जोहो गरे र जमिनमा गएर उक्त योजनालाई मूर्त रुप दिए त्यो सचिवालयले गरेको कार्यको न सरकारले सरहाना गर्‍यो न एक कप चियाको साथ धन्यबाद सहित विदाइ गर्‍यो । विशेष समितिको म्याद सकिएको दिन सचिवालयका सदस्यहरुको पनि म्याद सकियो । भोलिपल्ट सचिवालय सदस्यहरु र अस्थायी नियुक्ति लिएर अहोरात्र खटिएर काम गरेका कर्मचारीहरु सचिवालयको संयोजकले दिएको एउटा प्रसंशा-पत्र बोकेर लडाइँ हारेका सिपाही जस्तै आफ्ना-आफ्ना घर गए । यो फास्फुसे काम थियो भने ठिकै हो तर जटिल राष्ट्रिय समस्या समाधान गरेको हो भनेर सम्झेको भए सायद राज्यले राम्रै तरिकाले विदाइ गर्न सक्थ्यो ।

छ. **द्वन्द्व–पीडित पक्षः** द्वन्द्वमा नागरिकहरु दोहोरो मारमा पर्दछन् । यहाँ पनि परे । खास गरी महिला, वृद्ध र बालबालिकाहरु प्रत्यक्ष पीडित हुन पुग्दछन् । हिंसाका कारण हुन पुगेका विधवा, टुहुरा र आश्रित वृद्ध-वृद्धा र अपांग-घाइतेले मनावोचित जीवन निर्वाह गर्न सक्ने गरी राज्यले व्यवस्थापन गर्न पर्ने नै थियो तर त्यो भै रहेको छैन । राज्यको यो निर्धो समुदायसँग आन्दोलन गर्ने अधिकार छ तर अहिलेसम्म प्रदर्शन गरेको संयमित प्रदर्शन र मागको पनि कदर गर्दै यथाशीघ्र यिनीहरुको व्यवस्थापन हुन सकेमा नयाँ राज्य व्यवस्थाले सही अर्थमा नेतृत्व सम्हालेको देखिने थियो ।

**वर्तमान यथार्थता**

वि.सं.२०६२/६३ पश्चात् नेपालमा आएको राजनीतिक, आर्थिक र सामाजिक परिवर्तन नेपालीले व्यवस्थापन गर्न नसक्ने अवस्थामा पुगेको भान हुन थालेको छ । राजनीतिक दलहरु नीति निर्माणमा भन्दा पनि सत्ता र शक्तिको वरिपरि घुमेको देखिन्छ । दलहरु विवेकको भन्दा अंकगणितमुखी भएको प्रतीत हुन्छ । मुलुकको आर्थिक अवस्था जर्जर छ, समाज अकल्पनीय नैतिक संकटमा फसेको छ- आन्तरिक हिसाबले नेपाल अत्यन्त नाजुक अवस्थामा पुगिसकेको छ । उत्कृष्ट संविधान लेख्यौं भनेर गर्व र स्वप्रशंसा गरेको उक्त सभाका सभासदहरुले नै प्रतिनिधि सभाको पहिलो कार्यकाल नटुंगिदै संविधान संशोधन नगरी कार्यान्वयन गर्न नसकिने भन्ने विचार व्यक्त गरिरहेका छन् । मुलुकको गन्तव्य अस्पष्ट छ । पटक-पटक परिवर्तनलाई जनताले साथ दिए तापनि नेतृत्व वर्गले मुलुकलाई सही बाटोमा डोऱ्याउन नसकेको छर्लंग देखिन्छ । समझौता भएका र अन्तरराष्ट्रिय एवम् मुलुकको कानुनमा लेखिए अनुसार त गर्नै पर्ने हो ।

**उपसंहार**

नेपाल राज्यले द्वन्द्वकाल र द्वन्द्वपश्चात पनि आफ्ना नागरिक र सुरक्षाकर्मीमा परेको पीडा बुझ्न सकेन वा चाहेन, न नागरिकको त्यो पीडा बुझ्ने करुणा देखायो न कारण खोतल्ने साहस, दुवै देखाउन सकेको पाइन्न । क्रान्तिका नाममा सशस्त्र द्वन्द्वमा उत्रेको विद्रोही पक्ष र तत्कालीन राज्य व्यवस्था, राजनीतिक दल र सरकार प्रमुख, केही अपवाद बाहेक, सबै व्यक्ति र दल कुनै न कुनै रुपमा वर्तमानमा पनि राज्य व्यवस्थामा सक्रिय भूमिका खेल्ने अवस्थामा रहेका छन् । संक्रमणकाल गाह्रो समय हो तर असम्भव समय होइन, गर्नेलाई त संक्रमणकाल झनै काम गर्ने मौका हो । आशा गरौं, समयले सिकाउला र मुलुकमा सकारात्मक परिवर्तन आउला ।

*(यस लेखका विवरण तथा विश्लेषण स्वंम लेखकका प्रत्यक्ष अनुभव र अनुभूतिसँग आधारित छन् ।)*

**सन्दर्भ सामाग्री**

Bogati, S.(2015). Accessing Inclusivity on the Post War Army Integration Process. Berghof Foundation, *IPS Page 11*.

**Contributors**

Prakash Bista, Research Student at Department of International Relations and Diplomacy, Tribhuvan University, Kathmandu, Nepal

Maj. Gen Padam Bahadur Singh (Retd), Nepali Army, Kathmandu, Nepal

Hindu Sanskriti Karki, PhD, Adjunct Faculty/Researcher, Kathmandu, Nepal

Manish Jung Pulami, Lecturer at Nepali Military Academy and Doctoral Candidate at South Asian University, Kathmandu, Nepal

Anu Rai, CEO, Sustainability and Environmental Studies Endeavor, MSc Student, Environmental Science at Kathmandu University, Nepal

Suman D.C, Consultant (Sports Management), National Sports Council, Kathmandu, Nepal.

Advocate Ratna Keshari Maharjan, Lawyer, Kathmandu, Nepal

Brigadier General Dharma Bahadur Baniya (Retd), Nepali Army, Tanahun, Nepal

Gaurav Bhattarai, Assistant Professor at the Department of International Relations and Diplomacy, Tribhuvan University, Kathmandu, Nepal

Rajendra Sharma, Faculty Member, National College, Kathmandu University, Kathmandu, Nepal

Utsav Sharma Gaire, Civil Engineering Student at Thapathali Engineering College, Institute of Engineering, Tribhuvan University, Kathmandu, Nepal.

Col Dr Anand Singh Bhat (Retd), Nepali Army, Faculty Member at APF Staff College Bhaktapur, Nepal

Karisma Regmi, Student of BA. LLB 4th year at Nepal Law Campus, Kathmandu, Nepal

Omkar Poudel, Assistant Professor of Economics, Birendra Multiple Campus, Tribhuvan University, Chitwan, Nepal

Lt Col. Phatya Bahadur Khadka(Retd), Nepali Army, MPhil/PhD Scholar at Department of Gender Studies , TU, Kathmandu, Nepal

Hiranya Lal Lamsal, Assistant Lecturer at Devdaha Adarsha Multiple Campus & Mphil scholar at Nepal Open University, Rupandehi, Nepal

Prashamsa Ghimire, Student at National Law College, Tribhuwan University, Kathmandu, Nepal

Dron Prasad Lamichhane, Foreign Policy Analyst, Institute of Foreign Affairs (IFA), Kathmandu.

Muskan Pandey, Research Student at Department of Conflict, Peace and Development Studies, Tribhuwan University, Kirtipur, Nepal

Gunjan Jha, Research Student at Department of Conflict, Peace and Development Studies, Tribhuwan University, Kirtipur, Nepal

Sristi Suman, Telecom Engineer in Nepal Telecom, Kathmandu, Nepal

Khadga KC, Professor of International Relations and Diplomacy, Tribhuvan University, Kathmandu, Nepal.

Kundan Aryal, Associate Professor of Journalism and Mass Communication, Tribhuvan University, Kathmandu, Nepal.

Yatish Ojha, Student of B.A.LL.B at Nepal Law Campus, Tribhuvan University, Kathmandu, Nepal.

Pashupati Adhikari, Conservation Officer, Manaslu Conservation Area, Liaison office, Gorkha, Annapurna

Bhawana Poudel, Post Graduate in Finance, Nepal Commerce Campus, Kathmandu, Nepal

Lieutenant General Balananda Sharma (Retd), Nepali Army, Kathmandu, Nepal